गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**पर्यटन तथा उद्योग कार्यालय, तनहुँ**

पत्र संख्या : ०८०/०८१

चलानि नं. :

दमौली, नेपाल

मितिः-२०८१/०६/१

# सूचना सूचना सूचना

यस पर्यटन तथा उद्योग कार्यालय तनहुँको चालु आ.व.०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार ढाका बस्तु विकास कार्यक्रम अन्तर्गत २ महिने वेसिक ढाका वुनाई सम्वन्धि तालिम संचालन गरिने भएकोले इच्छुक व्याक्तिहरुले मितिः२०८१/६/१५ गते सम्ममा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न राखी तपसिलमा उल्लेखित कार्यालयमा निवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

पुनश्च : अन्य जिल्लाको हकमा सम्वन्धित पर्यटन तथा उद्योग कार्यालय/घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

<u>तपसिल</u>

निवेदन पेश गर्ने स्थान : पर्यटन तथा उद्योग कार्यालय दमौली तनहुँ ।

थप विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं.०६५५६३०९१ वा मोवाईल नं.९८५६०५००५२ मा सम्पर्क गर्न सकिने छ ।

०८१।०६।१

दुर्गारमण सुवेदी
कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय, तनहुँ

पत्र संख्या : ०८०/०८१
चलानि नं. :
दमौली, नेपाल

## संचालित उद्योग प्रवर्द्धन लागी साझेदारीमा उद्यमीहरुलाइ प्रविधि हस्तान्तरण सम्वन्धि प्रस्ताव आव्हानको सूचना (प्रथम पटक प्रकाशित मितिः२०८१/०६/१)

यस पर्यटन तथा उद्योग कार्यालय तनहुँको चालु आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार (संचालित उद्योग प्रवर्द्धनका लागी साझेदारीमा उद्यमीहरुलाइ प्रविधि हस्तान्तरण) देहाय अनुसारका शर्तहरुको अधिनमा रहि उपयुक्त प्रविधि (मेशिन/उपकरण) हस्तन्तरण गर्ने कार्यक्रम रहेको हुदा यस कार्यालयमा उद्योग दर्ता गरि उद्योग सञ्चालन गरिरहेका उद्यमिहरुलाई यो सुचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन ईच्छुक उद्यमिहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । आवेदन फारम यस कार्यालयबाट प्रात गर्न सकिनेछ । रीत नपुगेको वा म्याद नाघि आएको निवेदन उपर कुनै कारवाहि हुनेछैन ।

अनिवार्य संलग्न हुनुपर्ने कागजातहरु

१.उद्यमिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२.नविकरण भएको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी
३.स्थायी लेखा नं. दर्ता प्रतिलिपी
४.आ.व.२०८०/२०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
५.उद्योगको व्यावसायिक योजना (स्किम)
६.तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी
७.अघिल्लो ३,तीन आर्थीक वर्षमा अनुदानका लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै पनि कार्यालयबाट अनुदान प्रास नगरेको स्व-घोषणा पत्र ।

शर्तहरु

*संचालित उद्योग प्रवर्द्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण पचास प्रतिसत लागत सझेदारी

१. कार्यालयमा पेश हुने प्रस्तावहरुको मुल्यांकन तथा छनौट मन्त्रालयको स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड बमोजिम हुनेछ ।
२. प्रविधि(मेसिन/उपकरण) को लागत मुल्यमध्ये उद्यमीले ५०% अनुदान पाउनेछन । बाँकी रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने छ ।
३.उद्यमिले प्रास गरेको प्रविधी उद्योग संचालनको उद्देश्य अनुरुप बाहेक अरुलाई हस्तान्तरण गर्न वा बेचबिखन गर्न पाइने छैन ।यदि गरेको पाईएमा उक्त प्रविधिको लागत रकम असुलउपर गरि कानुनबमोजिम कारवाही गरिने छ ।
४. एकपटक प्रविधि प्रास गरेपछि तीन वर्षसम्म पुन प्रास हने छैन ।

**(थप जानकारीको लागि कार्यालयको फोन नं.०६५५६३०९१वा मोवाईल नं.९८५६०५००५२ मा सम्पर्क गर्न सकिने छ ।)**

दुर्गाराज सुवेदी

फोन नं.: ०६५-५६३०९१, इमेल: csidbdamauli@gmail.com